**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १८० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २८ गते शनिबार ❑ 12 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## नेपाली राजनीतिमा कँडेलको योगदान स्मरणयोग्य छ: सभापति देउवा

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ असार

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली राजनीतिमा स्वर्गीय गोविन्द कँडेलको योगदान स्मरणयोग्य रहेको बताउनुभएको छ।



बागलुङको बिहुँ निवासी प्रतिनिधिसभाका पूर्वसदस्य एवं कांग्रेसका निष्ठावान नेता गोविन्दप्रसाद शर्मा कँडेलको निधन भएको १३औँ दिनको पुण्यतिथिमा शुक्रबारकांग्रेसले यहाँ आयोजना गरेको श्रद्धाञ्जलीसभामा उहाँले कँडेल बिपीको पथमा हिँड्ने निष्ठावान र इमान्दार नेताका रूपमा रहनुभएको उल्लेख गर्नुभयो । "उहाँ संसाद हुनुभयो, कहिल्यै लाभको पदमा बस्न खोज्नुभएन, सधैँ जनताको पक्षमा वकालत गर्दै हिँड्नुभयो उहाँको निष्ठा बिपीसँग मिल्छ", देउवाले भन्नुभयो, "देश र राष्ट्रका लागि उहाँको योगदान अतुलनीय छ, नेपाली राजनीतिमा उहाँको नाम स्वर्ण अक्षरमा लेखिने छ, उहाँको मार्गलाई अन्य कांग्रेसका नेता तथा कार्यकर्ताले पछ्याउन आवश्यक छ।" उहाँले राजनीतिमा इमान र प्रतिष्ठा कमाउनुभएका कँडेलको निधनले कांग्रेसलाई ठूलो क्षति पुऱ्याएको भन्दै चिन्ता व्यक्त गर्नुभयो।

प्रतिनिधिसभाका पूर्वसदस्य कँडेलको यही असार १५ गते आइतबार निधन भएको थियो । चितवनस्थित छोरीको घरबाट स्वास्थ्य परीक्षणका लागि काठमाडौँ जाने तयारीमा रहनुभएका उहाँको निधन भएको थियो । विसं २०४८ को प्रतिनिधिसभा निर्वाचनमा बागलुङ क्षेत्र नं १ मा नेपाली कांग्रेसका तर्फबाट विजयी कँडेल प्रजातान्त्रिक आन्दोलनका अगुवा तथा सादगी र इमान्दार नेताका रूपमा परिचित हुनुहुन्थ्यो । बहुदलीय व्यवस्था प्राप्तिको आन्दोलनमा निरन्तर क्रियाशील कँडेल नेपाली कांग्रेस बागलुङका पूर्वसभापति हुनुहुन्थ्यो । विसं २०४६ आन्दोलनका क्रममा जेल पर्नुभएका उहाँ बहुदलपछि जिल्ला सभापति र सांसद बन्नुभएको थियो। उहाँ विसं १९९५ पुस १० गते काठेखोला गाउँपालिका वडा नं ६ बिहुँकोटमा जन्मनुभएको थियो।

## घरघरमा स्वास्थ्य कार्यक्रमबाट पोखराका ११ हजार बढी लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

पोखरा महानगरपालिकाले 'घरघरमा स्वास्थ्य कार्यक्रम'अन्तर्गत ११ हजार ८६२ जनालाई नसर्ने रोगको निःशुल्क परीक्षण तथा परामर्श सेवा प्रवाह गरेको छ।

यही असार १ गतेदेखि बिहीबारसम्म महानगरका १० वटा वडामा सञ्चालित उक्त कार्यक्रमबाट ज्येष्ठ, अशक्त र असहाय नागरिक लाभान्वित भएका हुन् । उक्त कार्यक्रमका सहजकर्ता हरिलाल आचार्यका अनुसार वडा नं. १, ८, १०, १३, १४, १७, १८, १९, २० र २५ का टोलबस्तीमै पुगेर स्वास्थ्य सेवा प्रदान गरिएको हो । महानगरले आगामी आवमा पनि उक्त कार्यक्रमका लागि बजेट विनियोजनगरेकोउहाँलेजानकारी दिनुभयो। स्वास्थ्य महाशाखाको आयोजना र सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको समन्वयमा पोखरा-८ सिमलचौरबाट सुरु गरी अन्य वडा तथा टोलमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो।

सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रका प्रमुख कुश्मराज सुवेदीले ज्येष्ठ तथा अशक्त नागरिकलाई घरदैलोमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले घुम्ती अभियान सञ्चालन गरिएको बताउनुभयो । नसर्ने रोगको परीक्षणसँगै महिलालाई प्रजनन स्वास्थ्य, मनोरोग, सरुवा रोग तथा अन्य दीर्घरोगसम्बन्धी जानकारी दिइएको थियो।

"परीक्षण गरिएकामध्ये ६० प्रतिशतमा उच्च रक्तचापको समस्या देखिएको छ, मधुमेह, स्वासप्रस्वास, स्तन र पाठेघरको समस्या भएका बिरामी पनि पहिचान गरिएको छ", उहाँले भन्नुभयो । वडा नं ८ का १७ वटा टोलमा घुम्ती शिविर सञ्चालन गरिएको थियो। उक्त वडाका एक हजार २०० जनाले सेवा पाएका थिए।

## स्याङ्जामा ९२ प्रतिशत खर्च, ४५ करोड फ्रिज

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २७ असार

स्याङ्जालाई आर्थिक वर्ष २०८१/०८२ मा संघीय र प्रदेश सरकारबाट प्राप्त भएको कुल बजेटको झण्डै ९२ प्रतिशत रकम खर्च भएको छ । संघ र प्रदेशबाट प्राप्त ११ अर्ब २५ करोड ९६ लाख ६० हजार ९ सय ६९ रुपैयाँ मध्ये झण्डै ९२ प्रतिशतले हुन आउने १० अर्ब ३४ करोड ८४ लाख १२ हजार ७ सय ३९ रुपैयाँ खर्च भएको हो।

संघीय सरकारबाट जिल्लालाई चालु र पुँजीगत गरी ८ अर्ब १८ करोड ३३ लाख ५२ हजार २ सय ९२ रुपैयाँ प्राप्त भएकोमा ९६ दशमलव २० प्रतिशत अर्थात ७ अर्ब ८७ करोड २७ लाख १३ हजार २ सय ३६ रुपैयाँ खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय स्याङ्जाले जनाएको छ।

संघ सरकारले दिएको चालु खर्च ८ अर्ब ६ करोड ५० लाख ७८ हजार २ सय ९२ रुपैयाँ मध्ये ९६ दशमलव ४८ प्रतिशतले हुने ७ अर्ब ७८ करोड ११ लाख ८ हजार ७ सय ६४ रुपैयाँ खर्च भएको छ । पुँजीगत खर्चतर्फ प्राप्त ११ करोड ८२ लाख ७४ हजारमा ७७ दशमलव ४५ प्रतिशत अर्थात ९ करोड १६ लाख ४ हजार ४ सय ७१ रुपैयाँ खर्च भएको छ। प्रदेशबाट चालु र पुँजीगत खर्चका रुपमा ३ अर्ब ७ करोड ६३ लाख ८ हजार ६ सय ८८ रुपैयाँ प्राप्त भएकोमा ८० दशमलव ४८ प्रतिशतले हुने २ अर्ब ४७ करोड ५६ लाख ९९ हजार ५ सय ३ रुपैयाँ खर्च भएको स्याङ्जाका प्रमुख कोष नियन्त्रक थमनारायण शर्माले बताए।

प्रदेशकै चालु खर्चतर्फ ८२ करोड २२ लाख ५८ हजार ६ सय ७७ रुपैयाँको ८१ दशमलव २३ प्रतिशत अर्थात ६६ करोड ७९ लाख ४० हजार ६ सय

बाँकी अन्तिम पृष्ठमा ▶▶

## जनसङ्ख्या वृद्धिदर घट्नु मानव अस्तित्वमाथि कै खतरा हो: प्रधानमन्त्री

**रासस**
काठमाडौं, २७ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले विकास र समृद्धिसँगसँगै जनसङ्ख्याको समान विकास नभए मानव अस्तित्व खतरामा पर्ने बताउनुभएको छ।

विश्व जनसङ्ख्या दिवसका अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा आयोजित राष्ट्रिय जनसङ्ख्या नीति, २०८२ सार्वजनिक कार्यक्रममा प्रधानमन्त्री ओलीले विकास र जनसङ्ख्याको गतिसँगै हुनुपर्नेमा जोड दिँदै हरेकले आफ्नो सन्तानवृत्तिलाई धर्तीका लागि उत्तरदायित्वका रूपमा लिनुपर्ने बताउनुभयो । "मानिस भएकाले हरेक देशको अर्थ छ, धर्तीको अर्थ छ। जनसङ्ख्या हुँदैनथ्यो भने देश हुँदैन । हामीले मानव जातिको सुखपूर्ण अस्तित्व रक्षाका लागि उपयुक्त नीति र कदमहरू चाल्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "सृष्टिको सृजनाका लागि मानव जाति जति मूल्यवान् अर्को छैन । आफ्नो स्वार्थका लागि मान्छे मार्ने कामधन्धा छोड्न सम्बद्ध सबैसँग अनुरोध गर्दछु । जनसङ्ख्याका बारेमा गोष्ठी र सेमिनार पनि गर्ने अनि आम विनाशका हतियार बनाएर मान्छे पनि मारिरहने क्रमले मानव संसारको अस्तित्व बच्दैन ।" प्रधानमन्त्री ओलीले २० वर्षपछि मात्र विवाह गर्न पाउने कानुनी व्यवस्था भएबमोजिम समयमै विवाह गरी ३० वर्षभित्र तीन सन्तान पाइसक्न र ४० कटेपछि रमाउला भन्ने गीतमा नअल्मन आग्रह गर्नुभयो । उहाँले सन्तानले डाँडाकाँडा ढाकून् नभन भनेर जनचेतना फैलाउँदा उल्टो असर परी सन्तान नै नजन्माउने परिस्थिति सिर्जना भएकातर्फ चिन्ता व्यक्त गर्दै विकसित देशहरूमा समेत जनसङ्ख्याको वृद्धिदर ऋणात्मक हुँदा यसले समग्र विश्व प्रभावित भइ मानव अस्तित्वमाथि नै सङ्कट आउनसक्ने चिन्ता व्यक्त गर्नुभयो।

## सरकारले गर्नुपर्ने काम मानवसेवाले गरिरहेको छ: अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २७ असार

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नी दिवङ्गत श्रीमती सीता दाहालको दोस्रो स्मृति दिवसका दिन मानवसेवा आश्रम काठमाडौँको रानीवन सेवा केन्द्रमा पुगेर जीवनसाथी दाहाललाई स्मरण गर्नुभएको छ।

उहाँले पत्नी सीताको स्मृतिलाई दिगो राख्न र सबैलाई यस्तो कार्यले प्रेरणा मिलोस् भन्ने उद्देश्यले आश्रममा आश्रितहरूका साथमा यस दिनलाई समर्पण गरेको बताउनुभयो । स्मृति दिवसको दिन आश्रममा आश्रित २५० सहयोगापेक्षी सडक आश्रित मानवहरूका लागि खाद्यान्न सामग्री र रु एक लाख नगद योगदान गर्नुभयो।

साथै, आश्रमका रहेकाहरूलाई आफ्नै हातले भोजन वितरण गर्नुभयो । सो अवसरमा अध्यक्ष दाहालले आफू प्रधानमन्त्री छँदा हेटौँडास्थित मानवसेवा आश्रमको मुख्यालय उद्घाटन गरेको सन्दर्भ स्मरण गर्दै सरकारले गर्नुपर्ने काम मानवसेवा आश्रमले गरिरहेको बताउनुभयो। मानवसेवा आश्रमको मानवता प्रवर्द्धनका कार्यले अन्तरराष्ट्रिय जगतमा समेत चर्चा चुलिँदै गएको बताउनुभयो।

पूर्वप्रधानमन्त्री दाहालले आफू सरकारमा छँदा सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्धार र मानवीय सेवाका लागि सातवटै प्रदेशका लागि सात वटा गाडी उपलब्ध गराउन मन्त्रिपरिषद्बाटै निर्णय गरेर प्रक्रिया अघि बढाएको भए पनि अझैसम्म त्यसको कार्यान्वयन नभएकामा चिन्ता व्यक्त गर्दै यसका लागि पहल गर्ने आश्वासन दिनुभयो। कार्यक्रममा मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले मानवसेवा आश्रमकोविगतवर्तमानरआगामी योजनाबारे अध्यक्ष दाहाललाई जानकारी गराउनुभएको थियो । मानवसेवा आश्रमले खुला सडकपेटी एवं सार्वजनिकस्थलहरूमा कष्टपूर्ण जीवनयापन गर्न विवश सहयोगापेक्षी, बेसहारा, असहाय, अशक्त, अभिभावकविहीन, शारीरिक तथा मानसिक रूपमा कमजोर मानवहरूको उद्धार, उपचार, पालनपोषण, संरक्षण एवं पारिवारिक पुनर्मिलनको गराउँदै आएको छ।

आश्रमले २०८२ भित्रै मुलुकलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण गर्न अभियान सञ्चालन गरिरहेको छ।

## एकीकृत समाजवादी र नेकपा एकता राष्ट्रिय अभियानबीच एकता हुने

**रासस**
काठमाडौं, २७ असार

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र वामदेव गौतम नेतृत्वको नेकपा एकता राष्ट्रिय अभियानकाबीच एकता हुने भएको छ। पार्टी एकताका लागि एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र नेकपा एकता राष्ट्रिय अभियानका अध्यक्ष गौतमले शुक्रबार हस्ताक्षर गर्नुभएको हो।

दुवै पार्टीका नेताले हस्ताक्षर गर्नुभएको सहमतिपत्रमा भनिएको छ, "राजनीतिक दर्शन, सिद्धान्त, कार्यक्रम, रणनीति र कार्यदिशामा एकरूपता रहेको र नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्नुपर्ने आजको ऐतिहासिक आवश्यकतालाई ध्यानमा राख्दै नेकपा एकता राष्ट्रिय अभियान र नेकपा (एकीकृत समाजवादी)मा एकताबद्ध हुने सहमति गरिएको हो।" आगामी साउन २ गते राष्ट्रियसभा गृहमा विशेष कार्यक्रम गरी एकताको घोषणा गर्नेगरी समझदारी भएको एकीकृत समाजवादीका केन्द्रीय प्रचार विभागका उपप्रमुख दामोदर अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार लामो समयदेखि दुवै पार्टीका नेताबीच पार्टी एकताका लागि औपचारिक तथा अनौपचारिक छलफल गरिएको थियो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# दोस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिता असोज पहिलो साता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

विश्व पर्यटन दिवसको सन्दर्भमा दोस्रो संस्करणको पर्वतीय दौड प्रतियोगिता आउँदो असोजको पहिलो हप्ता हुने भएको छ । पोखरा क्लिक अनलाइन सञ्चार गृहद्वारा आयोजित पहिलो संस्करणको पर्वतीय दौडको समीक्षा कार्यक्रम समारोहका बीच उक्त जानकारी गराएको हो ।



कार्यक्रममा सहभागीहरूले पहिलो संस्करणमा देखिएका कमजोरीलाई सुधार्दै दौडलाई पर्यटन, स्वास्थ्य तथा खेलकुद र स्थानीय क्षेत्र प्रवर्द्धनसँग जोडेर अगाडि बढ्न सुझाव दिए । गण्डकी प्रदेश सभा सदस्य प्रकाश बरालले प्रतियोगितालाई सफल बनाउन आफ्नातर्फबाट आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले पुम्दीभुम्दीबासीको राष्ट्रियता बलियो रहेको बताउँदै थपे- 'अन्तर्राष्ट्रिय सीमानासँग जोडिएर आयोजना हुने यस्ता कार्यक्रमले समयको कालखण्डमा पारीको लेकसाइड जस्तै वारीको पुम्दीभुम्दी बनाउने आधारशीला बनाउन सहयोग पुग्ने छ ।'

नेपाल पर्यटन बोर्ड गण्डकी कार्यालयका प्रमुख मणिराज लामिछानेले सहभागी खेलाडीलाई अनलाइनमार्फत समयमै बुकिङ खुला गर्न सुझाव दिँदै पर्यटन दिवसको हप्तादेखि दश दिनभित्र प्रतियोगिता सञ्चालन गर्न जोड दिए । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले प्रतियोगितालाई चाडका रूपमा लिएर भव्य तयारीका साथ अगाडि बढ्नुपर्ने सुझाव दिए ।

नेलम्बो नेपालका कार्यक्रम अधिकृत भीमप्रसाद भण्डारीले अघिल्लो संस्करणमा आइलागेका समस्यालाई आउँदा दिनमा सुधारका लागि जनसम्पर्क र समन्वय ज्यादा गर्नुपर्नेमा धारणा राखे ।

सहारा क्लबका पूर्व अध्यक्ष विक्रम थकालीले पहिलो संस्करणमा केही कमजोरी देखिए पनि उत्साहजनक सहभागिताले कार्यक्रम निकै सफल रहेको बताए । नेपाल भूतपूर्व खेलाडी मञ्चका सदस्य तथा प्राविधिक ओम गुरुङले प्रतिकूल मौसमका बीच प्रतियोगिता आयोजना भएकोमा प्रशंसा गर्दै, आगामी दिनमा कार्यक्रम तय गर्दा वर्षा भएमा कसरी अगाडि बढ्ने भनेर पनि पूर्व तयारी गर्नुपर्ने सुझाव दिए । पर्यटन विज्ञ दीपेन्द्र पहारीले प्रतिकूल मौसममा बाबजुद कार्यक्रमको समापन समारोह निकै उत्कृष्ट रहेको उल्लेख गरे । आदर्श समाज राष्ट्रिय दैनिकका कार्यकारी सम्पादक विजय नेपालले यो आयोजनाबाट स्थानीय जन्मथलोप्रति उत्तरदायित्वको भावनाले प्रेरित भएको बताए ।

पत्रकार सन्देश श्रेष्ठले प्रतियोगिताको ब्रान्डिङमा ध्यान दिनुपर्ने सुझाव दिए । पोखरा क्लिकका वरिष्ठ सम्वाददाता असफल गौतमले गाउँ पर्यटन, खेल पर्यटन र स्थानीय पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने अपेक्षा आयोजकको रहेको धारणा राखे । पोखरा क्लिकका अध्यक्ष दीननाथ बरालले सबैको साथ सहयोगले प्रतियोगिता सफल भएकोमा धन्यवाद ज्ञापन गरे । कार्यक्रममा फोटो पत्रकार संघ कास्कीका निवर्तमान अध्यक्ष दुर्गा पौडेल, पत्रकार सागर ढकाल, वसन्त बराल, सागर सुनार लगायतले रचनात्मक सुझाव पेश गरेका थिए ।

# हिमाली जिल्ला मुस्ताङमा निशुल्क योग शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

'गरौं योग रहौं निरोग' भन्ने उक्तिलाई आत्मसात गर्दै मुस्ताङको मार्फामा निशुल्क योग शिबिर सोमबारदेखि सुरु भई सम्पन्न भयो ।

प्रमुख अतिथि घरपझोङ गाउँ पालिकाका प्रमुख मोहन सिंह लालचनले सोमबार कार्यक्रमको उद्घाटन गर्दै योगले रोगीको रोग हराउने, निरोगीलाई रोग लाग्नै नदिने भएकोले सबैले योग गर्नुपर्ने बताए ।

घरपझोङ गाउपालिकाको आयोजना, कर्मचारी मिलन केन्द्रको सह आयोजना, पतन्जली योग समिति गण्डकी प्रदेश समिति र महिला पतन्जली समिति कास्की जिल्ला समितिको समन्वयमा मार्फामा सोमबारदेखि योग शिबिर संचालन भएर सम्पन्न भएको छ । त्यसै गरि असार २५ देखि २९ गतेसम्म जोमसोम मुस्ताङमा योग शिबर चलिरहेको छ । प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद भुसाल



सभापति घरपझोङ गाउँ पालिका अध्यक्ष यसमा सहभागिता जिल्ला समन्वय प्रमुख माया गुरुङ प्रहरी नायव उपरीक्षक छिरीङ टिप्पा लामा सशस्त्र प्रहरी नायव निरीक्षक मणीकण राई प्रमुख अनुसन्धान अधिकृत विष्णु पण्डित कर्मचारी मिलन केन्द्र अध्यक्ष हिमाल शर्मा जिल्ला आयुर्वेद सम्पुर्ण परिवार मार्फ कृषि विकास अनुसन्धान फारमका प्रमुख घरपझोङ गाउँ पालिका उपाध्यक्ष जमुना थापा, पतन्जली योग समिति गण्डकी प्रदेश संरक्षक लोक दर्शन कोइरालाले बताए । २ नं. वडाका अध्यक्ष मानबहादुर हिराचन, प्रमुख प्रशिक्षक पुज्या साध्वी देवकृपाजी, पतन्जली योग समिति गण्डकी प्रदेशका प्रभारी नरेन्द्रमान लालचन, महिला पतन्जली योग समिती कास्कीकि अध्यक्ष उर्मिला हिराचनले योगको फाइदाका बारे चर्चा गरेका थिए ।

शिबिरमा पतन्जली योग समिति कास्कीका सचिव लक्ष्मी पुन, सहसचिव कृष्ण कुमारी शाही, कोषाध्यक्ष निलम शाह र कार्यसमिति सदस्य प्रजिना गहतराज लगाएतको सहभागीता रहेको छ । शनिबारका जोमसोममा चौथो दिनमा योग शिविर संचालन भइरहेको छ ।

# नेकपा माओबादी केन्द्र पोखरा २२ को कार्यकर्ता भेटघाट तथा परिचयात्मक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

पोखरा सहित कास्कीका विभिन्न वडा देखि पालिकाहरुमा भएको बेरुजु र भ्रष्टचार बिरुद्ध आवाज उठाउन शुक्रबार पोखरामा आयोजित एक कार्यक्कमका वक्ताहरुले सुझाव दिएका छन् ।



नेकपा माओवादी (केन्द्र) पोखरा महानगरपालिका-२२, (पुम्दी भुम्दी) समितिले शुक्रबार विश्व शान्ति स्तुपः नजिक इलाइट क्याफेमा आयोजना गरेको कार्यकर्ता भेटघाट तथा परिचयात्मक कार्यक्रममा बोल्ने वक्ताहरुले जनताले तिरेको करको व्यापक दुरुपयोग भएको जनगुनासो आएकोले वडा देखि पालिकाहरुमा भएको बेरुजु र भ्रष्टचार बिरुद्ध आवाज उठाउन नेता तथा कार्यकर्तालाई सुझाव दिनु भएको हो । कार्यक्रममा पार्टीका कास्की जिल्ला इन्चार्ज तथा केन्द्रीय सदस्य नेत्रनाथ अधिकारीले राज्यको सम्पत्ति माथि दोहन हुँदा त्यसका बिरुद्ध अब वोल्ने वेला आएको बताउनु भयो । पार्टीभित्र चुनाव प्रक्रियाबाट नेतृत्व चयन गर्दै सैद्धान्तिक स्पष्टता र शुद्धिकरण आवश्यक रहेको बताउँदै, "पार्टी बलियो बनाउन र आगामी चुनाव २०८४ मा परिणाम ल्याउन सबै मिलेर अघि बढ्नुपर्छ," भन्ने सुझाव दिनुभयो। साथै, भ्रष्टाचारविरुद्ध स्पष्ट र प्रभावकारी धारणा लिन पनि उहाँले जोड दिनुभयो।

पार्टीका केन्द्रिय सदस्य राजकाजी गुरुङ (करण)ले पार्टीका कार्यकर्ता र नेतृत्वले समाजको धरातलीय अवस्था, आर्थिक-सामाजिक यथार्थ बुझ्न नसकेको खाडल पुरिनुपर्ने धारणा राख्नुभयो। उहाँले जनजातिका अधिकार, स्थानीय बेरुजुको विरोध र विचारको निरन्तरतामा जोड दिनुभयो। कार्यक्रममा केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशका पूर्व अर्थमन्त्री रामजी प्रसाद बरालले अहिलेको मेहनतले २०८४ को निर्वाचनमा पार्टीलाई सफलता दिलाउन सकिने विश्वास व्यक्त गर्नुभयो। महानगर इन्चार्ज तथा केन्द्रीय सदस्य तेजकुमारी पौडेलले पोखरामा पार्टीले उल्लेखनीय नतिजा ल्याउने सम्भावना रहेको उल्लेख गर्दै संगठित प्रयासमा जुट्नुपर्ने बताउनुभयो।

केन्द्रीय सदस्य सोमति गुरुङले पार्टी संगठन वडास्तरसम्म बलियो बनाउनु आवश्यक रहेकोमा जोड दिनुभयो। साथै, पार्टीभित्र देखिएका अन्तरविरोध समाधान गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो। केन्द्रिय सदस्य किरण थापा (अमोद) ले पार्टीमा धेरै सम्भावना भएको दाबी गर्दै पार्टी एकता विश्वास हुनु आवश्यक भएकोमा जोड दिनुभयो । वैकल्पिक पोलिटब्युरो सदस्य राजु क्षेत्रीले संगठनका कमी कमजोरी पहिचान गर्दै समाधानका उपायहरू खोज्न सुझाव दिनुभयो। उहाँले पार्टी शुद्धिकरण र नेतृत्वको जवाफदेहितामा जोड दिनुभयो। जिल्ला सचिव विनय थापाले पुम्दी भुम्दी क्षेत्रमा पर्यटन, कृषि र संगठनात्मक सम्भावना रहेको उल्लेख गर्दै ती क्षेत्रमा सृजनात्मक अभियान सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

प्रदेश सचिवालय सदस्य केशव पौडेल, निर्मला सुवेदीले पार्टी अनुशासन र आचारणमा कुनै सम्झौता नगरिनुपर्ने भन्दै सङ्कुचित सोचको अन्त्य गरी क्रान्तिकारी सोचलाई विस्तार गर्नुपर्ने सुझाव दिनुभयो। महानगर अध्यक्ष हरि भण्डारीले संगठनलाई अझ सशक्त बनाउन सडक संरक्षण, नाला सरसफाइ तथा जनसंपर्क अभियान सञ्चालन गर्न आग्रह गर्नुभयो । नेकपा माओवादी (केन्द्र) पोखरा महानगरपालिका-२२, (पुम्दी भुम्दी) समितिका अध्यक्ष गणेश बहादुर बरालको अध्यक्षतामा कायक्रम सम्पन्न भएको सचिव हेमराज बरालले बताउनु भयो ।

# ताल घरको सिमानामा हालसम्म ७८८ सीमास्तम्भ गाडियो

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

सर्वोच्च अदालतको आदेशअनुसार फेवातालको पुनः सीमाङ्कनपश्चात् जारी सीमास्तम्भ गाड्ने क्रममा हालसम्म ७८८ सीमास्तम्भ गाडिएको छ ।

पोखरा महानगरपालिका, गण्डकी प्रदेश र सरकारको संयुक्त पहलमा ताल घरमा सीमास्तम्भ गाड्ने काम सुरु गरिएका पोखरा उपत्यका नगर विकास समितिका कार्यालय प्रमुख प्रकाश सुवेदीले जानकारी दिनुभयो । महाननगर प्रमुख धनराज आचार्यको प्रत्यक्ष निरीक्षणमा तालको वडा नं २२ तर्फको क्षेत्रमा पिल्लर गाड्ने काम भइरहेको उहाँले बताउनुभयो । फेवाताल संरक्षणका सम्बन्धमा सर्वोच्च अदालतको आदेशानुसार महानगरपालिकाले सम्बद्ध निकायसँग समन्वय गरी थप कार्य गर्दै जाने आचार्यले ताउनुभयो । फेवातालको संरक्षणका सम्बन्धमा महानगरपालिकाको अगुवाइमा काम भइरहेको र पहिलो चरणमा ताल घरमा सीमास्तम्भ गाड्ने र दोस्रो चरणमा थप कामको सुरुआत गर्ने योजना रहेको उहाँको भनाइ छ । तालको ६ दशमलव ३४३ वर्ग किलोमिटर क्षेत्रफलको चार किल्लामा एक हजार ५५ सीमास्तम्भ गाडिने र यसले पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन ऐतिहासिक महत्व राख्ने विश्वास लिइएको छ ।

## स्याङ्जामा ...

१४ खर्च भएको छ भने पुँजीगत तर्फ २ अर्ब २५ करोड ४० लाख ५० हजार प्राप्त भएकोमा ८० दशमलब २० प्रतिशत अर्थात १ अर्ब ८० करोड ७७ लाख ५८ हजार ८ सय ८८ खर्च भएको छ ।

यस अवधिमा जिल्लामा ७९ करोड ६२ लाख ७५ हजार ७ सय ९ रुपैयाँ राजश्व संकलन भएको छ । संकलित राजश्व मध्ये संघीय सरकारलाई ६० करोड ७२ लाख ९६ हजार ९ सय ३२ र प्रदेश सरकारको राजश्व कोषमा १८ करोड ८९ लाख ७८ हजार ७ सय ७७ रुपैयाँ संकलन भएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मै प्रदेश सरकारको पुँजीगत खर्च मध्ये ४४ करोड ६२ लाख जिल्लाबाट फ्रिज (फिता) भएको छ । पुँजीगत रकम फ्रिज गर्नेमा पूर्वाधार विकास कार्यालय ३६ करोड ९० लाख, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय २ करोड ६२ लाख र जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय ६६ लाख रहेका छन् । योजना निर्माणमा विवाद र कार्यान्यनमा जटिलता सृजना भएपछि रकम फ्रिज हुन गएको विषयगत कार्यालयले जनाए ।

विकासमा नाममा जिल्ला आएको यति धेरै बजेट फ्रिज हुनु जिल्लाकै लागि राम्रो नहुने कोष नियन्त्रक शर्माले बताए । योजना छनोटमा हुने कमजोरी, बजेट कार्यान्वयनमा भएको ढिलासुस्ती र जथाभावि बजेट विनियोजन गर्ने पद्धतिले रकम फ्रिज भएको शर्माले दाबी गरे । रकम फ्रिज हुनुमा सरोकारवाला पक्ष र विषयगत कार्यालय जिम्मेवार रहेको शर्माको जिकिर गरे ।

# कांग्रेसद्वारा निर्वाचनमा असहयोग गर्ने २६ नेता कार्यकर्तालाई कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

नेपाली कांग्रेसले स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन २०७९ मा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारलाई असहयोग गर्ने २६ नेता तथा कार्यकर्तालाई सचेत गराएको छ ।

पार्टीको केन्द्रीय अनुशासन समितिको यही असार ९ देखि १७ गतेसम्म बसेको बैठकले पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारलाई असहयोग गरेको भनी प्राप्त हुनआएका उजुरीका आधारमा सचेत गराएको हो । समितिका संयोजक आनन्दप्रसाद ढुङ्गानाका अनुसार समितिले कैलालीमा दुई, डोल्पामा १०, सल्यानमा ११, दैलेखमा एक, खोटाङमा एक र धनुषामा एक गरी २६ जना पार्टीका नेता तथा कार्यकर्तालाई अब उप्रान्त पार्टी हितविरुद्ध काम नगर्न सचेत गराउने निर्णय गरेको हो ।

साथै प्राप्त अनुशासन कारबाही सम्बन्धित उजुरीहरू छानबिनकै क्रममा रहेको उहाँले जानकारी दिनुभयो । कांग्रेसले २०७९ सालमा सम्पन्न तीनै तहको निर्वाचनमा पार्टीका उम्मेदवार र पार्टीले समर्थन गरेको उम्मेदवारका विरुद्ध उम्मेदवार भएका र त्यस्ता उम्मेदवारका प्रस्तावक र समर्थकका सन्दर्भमा पार्टीको विधानअनुसार स्वतः निष्काशन गरेको थियो । ती कारबाही परेकाको हकमा तोकिएको प्रक्रिया पुर्‍याई आफूहरूउपर हुने कारबाही फुकुवाका लागि प्राप्त भएका पुनरावेदनका हकमा समितिले आवश्यक निर्णयका लागि पार्टीको केन्द्रीय कार्यसमितिको यही असार २२ गतेको बैठकमा पेस गरेको थियो । त्यस्ता प्राप्त भएका सम्पूर्ण निवेदनहरूलाई आवश्यक कारबाहीका लागि कोशी प्रदेशबाट १७, मधेस प्रदेशबाट २३, बागमती प्रदेशबाट चार, गण्डकी प्रदेशबाट तीन, लुम्बिनी प्रदेशबाट ३६, कर्णाली प्रदेशबाट चार र सुदूरपश्चिम प्रदेशबाट एक गरी ८८ जनाको निवेदन रहेको पार्टी कार्यालयले जनाएको छ ।

# रसुवा बाढीबाट मृत्यु हुने ११ पुगे, ८६२ जनाको उद्धार

**रासस**
काठमाडौं, २७ असार

माथिल्लो जलाधार क्षेत्रमा हिमताल विष्फोट भएर रसुवामा मङ्गलबार आएको बाढीमा परेर मृत्यु हुने ११ जना पुगेका छन् ।

यसअघि नौ जनाको मृत्यु भएकामा त्रिशूली नदीको तल्लो तटीय क्षेत्रमा दुई जनाको शव फेला परेसँगै आजसम्म मृत्यु हुनेको सङ्ख्या ११ पुगेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो । उहाँका अनुसार अहिलेसम्म बाढीमा फसेका अलपत्र परेका तथा सडक अवरुद्ध हुँदा रोकिएका गरी ८६२ जनाको उद्धार गरिएको छ । उनीहरूलाई उद्धार गरी सुरक्षित गन्तव्यतर्फ पठाइएको उहाँले बताउनुभयो ।

अहिलेसम्म एक जनाको शव सनाखत भएको र अन्य शवहरूको सनाखत हुनसकेको छैन । कतिपयको चिन्न नसक्ने अवस्थाको र कतिपय मानव अङ्गमात्र फेला पारिएको छ ।

प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका एक जना प्रहरी (असई) लालबहादुर श्रेष्ठको शव पहिचान भएपछि अन्त्येष्टि गरिएको तर अरुको पहिचान नहुँदा अन्त्येष्टि गर्न सकिएको छैन । शवलाई महाराजगञ्जस्थित शिक्षण अस्पतालमा राखिएको छ ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# बैङ्क दर र नीतिगत दर घटाइयो, आवास र शेयर कर्जामा राष्ट्र बैङ्क खुकुलो

रासस
काठमाडौं, २७ असार

नेपाल राष्ट्र बैङ्कका गभर्नर डा विश्वनाथ पौडेलले आगामी आर्थिक वर्षका लागि सजगतापूर्वक लचिलो मौद्रिक नीति ल्याइएको बताउनुभएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मार्फत राष्ट्र बैङ्कले ब्याजदर थप घट्नेगरी बैङ्कदर तथा नीतिगत दर घटाइएको छ भने व्यक्तिगत आवास र शेयर कर्जामा थप लचिलो नीति अवलम्बन गरिएका छन् ।

"सहज मुद्रास्फीति, सुविधाजनक विदेशी विनिमय सञ्चितिको स्थिति र परिदृश्यलाई मध्यनजर गर्दै अर्थतन्त्रलाई गतिशील बनाउन मौद्रिक नीतिको कार्यदिशा सजगतापूर्वक लचिलो बनाइएको छ । यसबाट निजी क्षेत्रको पुँजी निर्माण र सरकारको आन्तरिक ऋण परिचालनको लागतमा समेत कमी आई आर्थिक गतिविधि अभिवृद्धि सहज हुने अपेक्षा गरिएको छ", मौद्रिक नीति प्रस्तुत गर्नुहुँदै गभर्नर पौडेलले भन्नुभयो । वित्तीय स्थायित्व कायम गर्दै कर्जाको पहुँच र गुणस्तर अभिवृद्धि तथा कर्जा अधिकेन्द्रीकरण कम गर्न मौद्रिक उपाय र विवेकशील नियमनलगायत नियामकीय व्यवस्थामा तादात्म्यता कायम गरिएको गभर्नर पौडेलको दाबी छ। त्यस्तै, खुला बजार कारोबार एवम् ब्याजदर करिडोरलाई थप सुदृढ बनाई मौद्रिक प्रसार संयन्त्रलाई प्रभावकारी बनाइने नीति राष्ट्र बैङ्कले लिएको छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गरिने मौद्रिक नीतिमा उल्लेख छ । यसैगरी, आगामी आर्थिक वर्षका लागि विस्तृत मुद्रा प्रदायको वृद्धिदर १३ प्रतिशत र निजी क्षेत्रतर्फ जाने कर्जा वृद्धि दर १२ प्रतिशतसम्म रहने प्रक्षेपण मौद्रिक नीतिमार्फत गरिएको छ । ब्याजदर करिडोरको माथिल्लो सीमाका रूपमा रहेको बैङ्कदरलाई ६ दशमलव पाँच प्रतिशतबाट घटाइ ६ प्रतिशत र ब्याजदर करिडोरको तल्लो सीमाका रूपमा रहेको निक्षेप सङ्कलन दरलाई तीन प्रतिशतबाट घटाइ दुई दशमलव ७५ प्रतिशत निर्धारण गरिएको छ । नीतिगत दरलाई पाँच प्रतिशतबाट घटाइ साढे चार प्रतिशत कायम गरिएको छ। वित्तीय प्रणालीमा देखिएका विद्यमान अवसर र चुनौतीको सम्बोधन गर्दै वित्तीय प्रणालीको दिगो विकास र विस्तारका लागि दोस्रो वित्तीय क्षेत्र रणनीति नेपाल सरकारबाट स्वीकृत भएपश्चात् कार्यान्वयनमा ल्याइने मौद्रिक नीतिमा उल्लेख छ । निजी आवास खरिद गर्न प्रवाह हुने कर्जामा लचिलो नीति राष्ट्र बैङ्कले लिएको छ ।

"निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु दुई करोडबाट बढाई रु तीन करोड कायम गरिनेछ । पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहका लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था मिलाइनेछ", मौद्रिक नीतिमा भनिएको छ।

चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रको आधारमा आवश्यकतानुसार परिमार्जन गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ । विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिने जनाइएको छ।

कृषि तथा लघु, घरेलु, साना र मझौला व्यवसायमा कर्जा सहजीकरण गरी न्यून र मध्यम आय भएका घरपरिवारको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले केही नयाँ व्यवस्था राष्ट्र बैङ्कले ल्याएको छ। "बैङ्क तथा वित्तीय संस्थाले कृषि फसल, कृषियोग्य जमिन र कृषि व्यवसाय संरचनाको धितो आफैँले मूल्याङ्कन गरी रु १० लाखसम्म कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिनेछ । यसरी प्रवाह हुने रु १० लाखसम्मको कर्जाको ग्रेस अवधिमा न्यूनतम कर्जा नोक्सानी व्यवस्था गरिनेछ", मौद्रिक नीतिमा भनिएको छ, "खाद्यान्न, बाली, पशुपन्छी, माछापालनलगायत कृषि व्यवसायसँग सम्बन्धित कार्यका लागि व्यक्ति वा व्यावसायिक फर्मलाई फसल तथा उत्पादनको प्रकृतिसँग तालमेल हुनेगरी विभिन्न अवधि र प्रकृतिका कर्जा प्रवाह गर्नसक्ने व्यवस्थालाई थप सरलीकरण गर्दै कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ ।"

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)ले सिफारिस गरेका जातका कृषि उपजको उत्पादन अभिवृद्धि गर्ने उद्देश्यका लागि बैङ्क तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जामा सहजीकरण गरिने मौद्रिक नीतिमा उल्लेख छ । त्यस्तै, हुलाकी राजमार्ग तथा मध्य-पहाडी लोकमार्ग आसपासका क्षेत्रमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य स्वच्छता स्तरीकरण लोगो (सङ्केत) लिएका होटल तथा रेष्टुरेन्ट र राजमार्गको मुख्य बजार आसपासका उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न उक्त क्षेत्रका उद्योग व्यवसायीलाई प्रवाह हुने कर्जाका लागि पनि केही नयाँ व्यवस्था ल्याइएका छन् । त्यस्तै, रु तीन करोडसम्म प्रवाह भएको कर्जालाई साना तथा मझौला उद्यममा प्रवाह भएको कर्जामा समावेश गरी तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जामा गणना गर्ने व्यवस्था मिलाइने राष्ट्र बैङ्कले जनाएको छ । यस्तो कर्जामा आधार दरमा बढीमा दुई प्रतिशत बिन्दुसम्म मात्र प्रिमियम थप गरी कर्जा प्रवाह हुने व्यवस्था गरिने मौद्रिक नीतिमा उल्लेख छ । आगामी आर्थिक वर्षको मौद्रिक नीतिले लिएको व्यवस्थाअनुसार जाजरकोट, रुकुमलगायतका भूकम्प प्रभावित क्षेत्रमा परियोजना रहेका व्यावसायिक कर्जा तथा उक्त क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिले लिएको कर्जा पुनः तालिकीकरण वा पुनः संरचना गर्न चाहेमा बैङ्क तथा वित्तीय संस्थाले ऋणीको आवश्यकता र औचित्यका आधारमा ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी बुझाउनुपर्ने ब्याज रकमको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी पुनःतालिकीकरण वा पुनःसंरचना गर्न सक्नेछन् ।

ऊर्जा उत्पादनका क्षेत्रमा प्रवाह गरेको कर्जाको ब्याज पुँजीकरण गर्नेसम्बन्धी व्यवस्थामा पुनरावलोकन गरिने जनाइएको छ । बैङ्क तथा वित्तीय संस्थाबाट शेयर धितोमा प्रवाह हुने 'मार्जिन' प्रकृतिको कर्जाको विद्यमान एकल ग्राहक कर्जा सीमा रु १५ करोडबाट बढाई रु २५ करोड बनाइएको छ। चेक अनादरको कारण कालो सूचीमा पर्ने विद्यमान व्यवस्थामा नीतिगत सहजीकरण गरिने पनि मौद्रिक नीतिमा उल्लेख छ।

वाणिज्य बैंकहरूको तरलता जोखिम व्यवस्थापनलाई सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्याङ्कन प्रक्रियासम्बन्धी मार्गदर्शन जारी गरिने पनि केन्द्रिक बैंकले जनाएको छ । हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवम् प्रकृयागत व्यवस्था, कर्जाको ब्याजदर गणना, सेवा शुल्क लगायतका विषयलाई समेटी उक्त नियमाकीय व्यवस्थामा आवश्यक संसोधन गरिने जनाइएको छ।

नेपाल सरकारले तोकेको पूर्वाधार क्षेत्रमा लगानी गर्ने उद्देश्यले स्थापना भएका निकायले वित्तीय श्रोत जुटाउन जारी गरेका डिबेञ्चरमा बैंक तथा वित्तीय संस्थाले लगानी गर्न सकिने व्यवस्था मिलाइने मौद्रिक नीतिमा उल्लेख छ । विकास बैंक तथा वित्त कम्पनीले विगत लामो समयदेखि वासेल २ र ३ अनुसारका न्यूनतम पुँजी पर्याप्तता अनुपातलगायत विभिन्न नियामकीय मापदण्ड कार्यान्वयनमा रहेको सन्दर्भमा ' ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने सीमा हटाइएको छ।

त्यसैगरी, बैङ्क तथा वित्तीय संस्थाले गैर बैङ्किङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सकिने व्यवस्था ल्याइएको छ । बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंकको स्वीकृतीमा आफ्नो पुँजी बढाउन सक्ने व्यवस्था पनि मौद्रिक नीतिमा राखिएको छ।

त्यस्तै, सरकारले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमार्फत ल्याएको सहुलियतपूर्ण कर्जासम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गरिने जनाइएको छ। बैङ्क तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा तथा गैरबैङ्किङ सम्पत्ति व्यवस्थापनमा सघाउ पुऱ्याउने उद्देश्यले सम्पत्ति व्यवस्थापन कम्पनी स्थापनाका लागि आवश्यक ऐन र नियमको मस्यौदा तर्जुमा गरी नेपाल सरकारसमक्ष पेस गरिने पनि राष्ट्र बैङ्कले मौद्रिक नीतिमार्फत जनाएको छ। त्यस्तै, समस्याग्रस्त हुने अवस्थामा पुगेका बैङ्क तथा वित्तीय संस्थाको समस्याको पहिचान गरी सुधारात्मक कारबाही गर्ने उद्देश्यले कार्यान्वयनमा ल्याइएको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली परिमार्जन गर्ने नीति लिइएको छ । विद्युतीय भुक्तानी प्रणाली सुदृढ हुँदै गएको सन्दर्भमा बैङ्क तथा वित्तीय संस्थाहरूको विद्यमान शाखा विस्तार नीति पुनरावलोकन गरिने जनाइएको छ । त्यस्तै, विगतमा फरक आवश्यकता र चुनौती सम्बोधन गर्न स्थापित कतिपय संस्थाको कार्यदायरा पुनरावलोकन गर्न आवश्यक देखिएको र राज्यको प्राथमिकता प्राप्त क्षेत्रमा साधन परिचालन अपेक्षित रूपमा हुन नसकेको सन्दर्भमा बैङ्क तथा वित्तीय संस्थाहरूको वर्गीकरण र कार्यदायरा पुनरावलोकन गर्न विस्तृत अध्ययन गरिने मौद्रिक नीतिमा उल्लेख छ। बैङ्क तथा वित्तीय संस्थाले ग्राहकको क्रेडिट स्कोरका आधारमा समेत कर्जा प्रदान गर्ने नीति अवलम्बन गर्ने राष्ट्र बैङ्कले जनाएको छ।

# अझै सम्पन्न भएन १३२ केभीको बुर्तिबाङ सबस्टेशन

पोखरापत्र संवाददाता
ढोरपाटन, २७ असार

एक वर्ष अगाडि नै सञ्चालनमा आउने भनिएको एक सय ३२ केभी बुर्तिबाङ सबस्टेशनको निर्माणकार्य अझै सम्पन्न भएको छैन । बागलुङको बडिगाड गाउँपालिका-५ का स्थानीयले केन्द्रीय प्रसारण लाइनको तार तान्न अवरोध गरेपछि अहिलेसम्म काम सम्पन्न हुन नसकेको हो ।

छ वर्ष अगाडि निर्माण सुरू भएको सबस्टेशन हालसम्म ९० प्रतिशतभन्दा बढी काम सकिएको छ । एक वर्षदेखि स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको थियो । गत वर्ष असार ९ गते सर्वोच्चले रिट नै खारेज गरिदिएको थियो । अहिले टावर निर्माण सम्पन्न भए पनि तार तान्ने काममा अवरोध भएको आयोजना प्रमुख मनोज चौधरीले जानकारी दिनुभयो ।

पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरदेखि आयोजना सुरू भएको थियो । उक्त आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौँदी अमराई हुँदै बुर्तिबाङ जोड्ने एक सय ३२ केभीको सबस्टेशन २०७८ सालदेखि निर्माण सुरु भएको थियो। ढोरपाटन नगरपालिका-२ खल्तुबोटमा सबस्टेशन निर्माण भएको छ । सबस्टेशनको काम सम्पन्न भए पनि लाइन तान्ने काम बाँकी हुँदा आयोजना समयमै सम्पन्न गर्न नकिएको प्रमुख चौधरीको भनाइ छ । स्थानीयले काममा अवरोध नगरेको भए गत वर्ष असार मसान्तमै विद्युत् सञ्चालनमा आउने उहाँले बताउनुभयो । मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन २०७८ साल चैत १२ गते परीक्षण गरी सञ्चालन गरिएको र गुल्मी तम्घासको सबस्टेशन अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालनमा आएको प्रमुख चौधरीले जानकारी दिनुभयो । बुर्तिबाङ सबस्टेशन सञ्चालनमा आउनका लागि अब पौँदी अमराईबाट बुर्तिबाङसम्मको १८ किलोमिटर तार तान्न बाँकी रहेको उहाँको भनाइ छ।

सबस्टेशन निर्माणका लागि छ वर्ष अगाडि ठेक्का प्रक्रिया गरी ४० करोडमा मुडभरी/जोशी/गौरा जेभीले जिम्मा लिएको थियो भने लाइन विस्तारका लागि करिब रु ८३ करोडको लागतमा सिक्माकोन/एमएसपील जेभीलाई जिम्मा दिइएको थियो । कपिलवस्तुबाट बुर्तिबाङ ८६ किलोमिटर दूरी रहेको छ । यहाँ डबल सर्किटको तार विस्तार हुने छ ।

"हामीहरूले अघिल्लो वर्ष नै काम सम्पन्न गरेर विद्युत् सेवा प्रवाह गर्ने गरी काम गरेका थियौँ, सबै काम सकिएको थियो, जम्मा १८ किलोमिटर लाइन तान्न मात्र बाँकी छ", आयोजना प्रमुख चौधरीले भन्नुभयो, "यो अवरोध हटाउनका लागि स्थानीयसँग समय-समयमा छलफल भएको छ, विवाद समाधान भयो र काम सुरू भयो भने सकिनका लागि धेरै समय लाग्दैन ।"

चौधरीले आयोजना सम्पन्न गर्ने म्याद अघिल्लो वर्षमा माघ २८ गते सकिएको र छ महिना थप गरेको भन्दै अवरोध नहट्दा निर्माण कम्पनीले काम गर्न नसकेको बताउनुभयो । प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले प्रसारण लाइनबाट प्रभावित बनेका स्थानीयलाई मुआब्जा दिलाउनका लागि कार्यदल गठन भएको जानकारी दिनुभयो । स्थानीयले मुआब्जा पाएपछि समस्या समाधान हुने उहाँको भनाइ छ । कार्यदलले प्रतिवेदन पेस गरेर मुआब्जा वितरण भएपछि काम अगाडि बढ्ने गुरुङले बताउनुभयो ।

# लक्ष्मी आदर्श बहुमुखी क्याम्पसमा गोष्ठी सञ्चालन

पोखरापत्र संवाददाता
पोखरा, २७ असार




लक्ष्मी आदर्श बहुमुखी क्याम्पस पोखरा - २७ मा वि.एड. चौँथो वर्षमा अध्ययनरत जनसंख्या शिक्षा विषयको परियोजना कार्य तथा गोष्ठी विषय अध्ययन गर्ने विद्यार्थीहरूले क्याम्पसमा गोष्ठी आयोजना गरेका छन्।

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले आफ्नो वृत्ति विकास तथा अनुसन्धानात्मक कार्यको क्षमता विकास गर्न कास्की जिल्लाको सिक्लेस गाउँको विभिन्न शीर्षकहरूमा आधारित गोष्ठी पत्र तयार गरी प्रस्तुत गरेका थिए। उक्त गोष्ठी कार्यक्रमको प्रमुख अतिथि क्याम्पस प्रमुख हेमराज आचार्य रहनुभएको थियो भने उक्त कार्यक्रमको सहजीकरण प्राध्यापक गुमानाथ लामिछाने र विकास खनालले गरेका थिए। गोष्ठीमा ४० जना विद्यार्थी र क्याम्पसमा कार्यरत शिक्षकहरु रहेका थिए। गोष्ठीमा टिप्पणीकारको रूपमा लक्ष्मी तामाङ र सविन चापगाई र बुँदा टिपोटको रुपमा इन्द्रकुमारी गुरुङ, आकृति पौडेल र लक्ष्मी तामाङ रहेका थिए। उक्त कार्यक्रममा धन्यवाद ज्ञापन कविता पौडेलले गरेकी थिइन्। गोष्ठी सञ्चालनमा समूह नेताका रुपमा सुदिप अधिकारी, सबिना सुवेदी, सरस्वती रेग्मी, सपना तामाङ, रामकुमारी गुरुङ, स्वस्तिका अधिकारी, कविता पौडेल र पूर्णिमा तामाङ समेत रहेका थिए। गोष्ठीमा गोष्ठी पत्र प्रस्तुत गर्ने कार्यमा प्राविधिक सहयोग क्याम्पसमा कार्यरत कर्मचारी विजय भुजेलले गरेका थिए । उक्त गोष्ठीका क्रममा यस्तो गोष्ठीबाट विद्यार्थीहरूको बौद्धिक क्षमता वृद्धि हुने गोष्ठी सञ्चालन गर्न र गोष्ठी पत्र तयार गरी प्रस्तुत गर्ने क्षमता बढाउन मद्दत गर्ने कुरा क्याम्पस प्रमुख हेमराज आचार्यले बताउनुभयो। गोष्ठी पत्रको उद्देश्यको बारेमा प्राध्यापक विकास खनालले स्पष्ट पार्नुभयो।

# साधना केन्द्रमा रुद्राभिषेक लगायत अनुष्ठान शुरु

पोखरापत्र संवाददाता
पोखरा, २७ असार



पोखरा महानगरपालिका वडा नं. ३ नदिपुर स्थित नदिपुर स्थित हिमालयन सिद्धमहायोग ध्यान साधना केन्द्रमा योग, ध्यान, साधना सहितको विभिन्न पारम्परिक उपचार पद्धतिबाट रुद्राभिषेक तथा ग्रहदोष निवारण सम्बन्धि विषेश कार्यक्रम शुरु भएको छ।

अनन्त श्री विभूषित जगद्गुरु श्री रामानन्दाचार्य स्वामी श्री रामकृष्णाचार्य महायोगी सिद्धबाबा सद्गुरुदेवको सत्संकल्पमा आयोजित उक्त कार्यक्रम साउन महिनाभर पोखरामा हुने हिमालयन सिद्ध महायोग साधना केन्द्रका अध्यक्ष विष्णु प्रसाद शर्माले बताए।

जगतगुरु श्रीरामाचार्य सेवापिठ चतरा, सुनसरी एवं महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान पोखराको आयोजनामा विशेष अनुष्ठान (पारम्परिक उपचार पद्धति) सहित ग्रहदोष निवारण, मन्त्रजप, हवन, अर्चन, रुद्राभिषेक, आयुर्वेदिक परामर्श र सद्गुरुदेवबाट दिव्य सत्संग कार्यक्रम हुने नारायण स्थान धार्मिक विकास समिति अध्यक्ष तथा लक्ष्मीनारायण मन्दिरका पिठाधिष महेश पराजुलीले बताए।

# चितवनमा २५ हजारभन्दा बढी परिवार बाढी-पहिरो र डुबानको जोखिममा

रासस
चितवन, २७ असार

यहाँका २५ हजार ७३३ घरपरिवार बाढी पहिरोको जोखिममा रहेका छन्।

जिल्ला विपद् व्यवस्थापन समितिका अनुसार जिल्लाका सात पालिकामा रहेका एक लाख २८ हजार ६६५ जनसङ्ख्या वर्षातका कारण प्रभावित बन्ने देखिएको छ । बाढीका कारण सबैभन्दा बढी राप्ती नगरपालिकामा १० हजार १०९ घरका ५० हजार ९५० जना प्रभावित बन्ने तथ्याङ्कले देखाएको छ। यस्तै, भरतपुर महानगरपालिकामा छ हजार ६३५ घरका ३३ हजार १७५, माडी नगरपालिकाका तीन हजार ९४६ घरका १९ हजार ७३० जना, रत्ननगर नगरपालिकाका दुई हजार ३८१ घरका ११ हजार ९०५ जना प्रभावित बन्ने प्रारम्भिक तथ्याङ्कले देखाएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । यस्तै, कालिका नगरपालिकाका एक हजार पाँच परिवारका पाँच हजार २५ जना, खैरहनी नगरपालिकामा तीन सय २० परिवारका एक हजार ६००, इच्छाकामना गाउँपालिकामा एक हजार २५६ परिवारका छ हजार २८० जना प्रभावित हुने देखिएको प्रमुख जिल्ला अधिकारी प्रकाश पौडेलले जानकारी दिनुभयो।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : मानसिक तनाब | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# क्लबस्तरीय भलिबल: घान्द्रुक र आधिखोला उपाधिका लागि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

पोखराको नदिपुरमा जारी क्लबस्तरीय पुरुष तथा भेट्रान्स भलिबल प्रतियोगिताको क्लबस्तरीयतर्फ घान्द्रुक क्रोम्छे युवा समिति र आधिखोला न्यु दिल्ली उपाधिका लागि भिड्ने भएका छन् ।

पोखरा-३ नदिपुर छन्त्याल समाजको भलिबल कोर्टमा भएको पहिलो सेमिफाइनलमा आधिखोला न्यु दिल्लीले एपिएफ पोखरालाई ३-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको हो । आधिखोलाले एपिएफलाई २५-२२, २५-२१ र २६-२४ ले जित निकाल्यो । यस्तै दोस्रो सेमिफाइनलमा घान्द्रुक क्रोम्छे युवा समितिले ढुङ्गे देउराली क्लब पौवेगौवे स्याङ्जालाई पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको छ । घान्द्रुकले ढुङ्गे देउरालीलाई २५-२२, २५-२०, १६-२६ र २५-२३ को जित निकाल्यो । लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा



आयोजित तेस्रो संस्करणको क्लब तथा भेट्रान्स भलिबलको फाइनल खेल शनिबार हुनेछ ।

शनिबार बिहान क्लबस्तरीय एपिएफ र ढुङ्गे देउरालीबीच तेस्रो स्थानका लागि प्रतिस्पर्धा हुनेछ ।

भेट्रान्सतर्फ पोखरा र युनाइटेड किङ्स भिड्ने

लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा आयोजित तेस्रो संस्करणको क्लब तथा भेट्रान्स भलिबलको भेट्रान्सतर्फ पोखरा भेट्रान्स र युनाइटेड किङ्सबीच प्रतिस्पर्धा हुनेछ । भेट्रान्सतर्फको पहिलो सेमिफाइनलमा पोखरा भेट्रान्सले शुक्लागण्डकी भेट्रान्सलाई २-१ को सेटमा पराजित गर्दै फाइनलमा स्थान पक्का गऱ्यो । पोखराले शुक्लागण्डकीलाई २५-२१, २०-२५ र तेस्रो तथा निर्णायक सेट २५-१५ ले जित्यो । दोस्रो सेमिफाइनलमा युनाइटेड किङ्सले अर्चलबोट भेट्रान्सलाई २-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान गऱ्यो । युनाइटेडले अर्चलबोटलाई २५-२१ र २५-१२ ले पराजित गऱ्यो । लामा अमृत फाउण्डेशन घान्द्रुकद्धारा आयोजित तेस्रो संस्करणको क्लब तथा भेट्रान्स भलिबल प्रतियोगिता असार २४ देखि सुरु भएको हो।प्रतियोगिताको भेट्रान्सतर्फको फाइनल खेल शनिबार १० बजे हुने लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक अमृत गुरुङले जानकारी दिए ।

प्रतियोगिताको विजेताले १ लाख २५ हजार, उपविजेताले ७५ हजार, तेस्रो हुनेले ३० हजार र सान्त्वना स्थान हासिल गर्नेले १५ हजार रुपैयाँसहित मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यस्तै भेट्रान्सतर्फको विजेताले ५० हजार र उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिताको विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर,सर्भर, उदियमान खेलाडी र प्रशिक्षकले पुरस्कार प्राप्त गर्नेछन् । फाउण्डेशनले २०७५ र ०७६ सालमा पहिलो र दोस्रो संस्करणको प्रतियोगिता सञ्चालन गरेको थियो ।

# नव आदर्शले गर्ने तीज महोत्सवको तयारी शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

नव आदर्श सामुदायिक विकास समाज लामाचौरले विगत २८ वर्षदेखि गर्दै आएको लामाचौर तीज महोत्सवको तयारी शुरु गरेको छ ।

समाजको २९ औं वार्षिकोत्सवको अवसरमा आयोजना हुने २९ औं संस्करणको लामाचौर तीज महोत्सवलाई सफल बनाउनको लागि पोखरा वडा नं. १६ र १९ का आमा समूह लगायत विभिन्न संघ संस्थाहरु र सरोकारवालासँग आवश्यक तयारीका विषयमा छलफल गरेका छन्। तीज महोत्सवमा तीज गीत सहित खुला भलिबल प्रतियोगिता, अन्तर मा.वि. छात्रा भलिबल प्रतियोगिता, विद्यालय नृत्य प्रतियोगिता, औद्योगिक मेला तथा विभिन्न स्टलहरु र राष्ट्रिय कलाकारद्वारा विविध सांस्कृतिक प्रस्तुतिलाई यस वर्ष पनि निरन्तरता दिईने समाजले जनाएको छ। महोत्सव सफल




बनाउनको लागि गठित महिला समन्वय समितिले शुक्रबार विभिन्न आमा समुह र महिला जनप्रतिनिधिसँग छलफल गर्यो । छलफलमा पोखरा १६ का वडा सदस्य मञ्जु बस्यालले संस्कृति संरक्षणका लागि आयोजना हुने जुनसुकै कार्यक्रमलाई सफल बनाउन स्थानीय सरकार प्रतिबद्ध रहेको बताईन्। वडा नं. १९ का वडा सदस्य दुर्गादेवी बस्नेतले योजनाबद्ध रुपमा गरिने कार्यक्रमले निरन्तरता पाउने र सफल हुने बताईन्। समाजका अध्यक्ष दिनेश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व अध्यक्ष एवं अर्थ संयोजक कमल थापा, पूर्व अध्यक्ष एवं सत्कार संयोजक समितिका अध्यक्ष संजय अधिकारी, पूर्व अध्यक्ष रेश्मा शेरचन अधिकारी ,प्रथम उपाध्यक्ष शोभा केसी लगायतले कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै आफूले सकेको सहयोग रकमहरू बोल्दै थप सहयोग गर्ने वचनबद्धता व्यक्त गरेका थिए ।

सिर्जना आमा समुहका अध्यक्ष शारदा पौडेलले स्वागत गरेको कार्यक्रमलाई महिला समन्वय समितिका सदस्य गीता भण्डारीले सञ्चालन गरेकी थिइन्। समाजले यहि भाद्र ८ गते देखि १० गतेसम्म ३ दिन महोत्सवको तयारी गरेको छ ।

# त्रिवेणी इन्टरनेशनल कलेजका विद्यार्थीको विदाई कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

त्रिवेणी इन्टरनेशनल कलेजको विद्यार्थी कल्याणकारी समितिले विविएस चौथो बर्षका विद्यार्थीलाई शुक्रबार एक कार्यक्रमको आयोजना गरि विदाई गरेको छ ।

विद्याई कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाले अध्ययन प्रमाणपत्रका लागि मात्र नभएर जीवन उपयोगी हुनु पर्नेमा जोड दिनु भयो । अध्यक्ष थापाले १२ कक्षाको अध्ययन सकिए लगतै विद्यार्थीहरुको पहिलो रोजाई विदेशमा हुने गरेको भन्दै विश्वविद्यालयहरु रित्तिने अवस्था आएको उल्लेख गर्नु भयो । वडा कार्यालयमा दैनिक चार देखी पाँचजना विदेश अध्ययनको कागजात बनाउन आउने कुरा




दोहोर्याउँदै अध्यक्ष थापाले शिक्षा नीतिमा कमजोरी हो की नेपालमा संभावना छैन भन्ने विद्यार्थीलाई लागेको हो भन्ने प्रश्न गर्नु भयो । लेखनाथमै नीजि क्षेत्रले संचालन गरेको कलेजले सर्वसुलभ तरिकाले शिक्षा दिएको उल्लेख गर्दै, अध्यक्ष थापाले गुणस्तरमा ध्यान दिन आग्रह गरे ।

अध्यक्ष थापाले स्थानीय सरकारको रुपमा रहेको वडाले आगामी आर्थिक बर्षमा शिक्षा र शिपको समन्वय हुने गरी कार्यक्रम समेटिएको उल्लेख गर्नु भयो । विद्यार्थी कल्याणकारी समितिका अध्यक्ष सुदिन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा कलेजका अध्यक्ष सुमन भट्टराई, क्याम्पस प्रमुख यदुराज आचार्य, सहायक क्याम्पस प्रमुख डिल्लीराज पौडेल प्राध्यापक जीवन भण्डारी, विद्यार्थी सर्वेन्द्र न्यौपाने लगायतले बोल्नु भएको थियो ।

कार्यक्रममा कलेजले विभिन्न बर्षमा उत्कृष्ट अंक ल्याउने र स्पोर्ट मिटमा विभिन्न विधामा विजयी विद्यार्थीलाई सम्मान गरिएको थियो । कार्यक्रममा विभिन्न सांगितिक कार्यक्रम र विद्यार्थीहरुले नृत्य समेत प्रस्तुत गरेका थिए । कलेजमा व्यवस्थापन बिषयमा स्नातक र स्नाकोत्तरमा गरी झण्डै छ सय विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विविएस चौथो बर्षको अध्ययन सकाएका विद्यार्थीलाई त्यस अवसरमा विदाई गरिएको थियो ।

# म्याग्दीमा थपिए चारवटा सडक स्तरोन्नति आयोजना

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ असार

गण्डकी प्रदेश सरकारमार्फत म्याग्दीमा आर्थिक वर्ष २०८१/८२ मा चारवटा सडक स्तरोन्नतिसम्बन्धी योजना थपिएका छन् ।

सङ्घीय सरकारसँगको साझेदारीमा एक र प्रदेश सरकारको लगानीमा कार्यान्वयन हुने तीनवटा सडक स्तरोन्नतिसम्बन्धी आयोजना कार्यान्वनयका लागि विभिन्न निर्माण कम्पनीसँग रु ६० करोडमा ठेक्का सम्झौता भएको छ ।

चारवटा सडक स्तरोन्नति र एक झोलुङ्गे पुल निर्माणसम्बन्धी योजनाको ठेक्का प्रक्रिया सकेर निर्माणको चरणमा प्रवेश गरेका पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार ती आयोजना बर्खायामलगत्तै निर्माण सुरु गर्ने तयारी छ ।

दरवाङ-मुना-ढोरपाटन सडक

गण्डकी प्रदेश र सङ्घीय सरकारको साझेदारीमा मालिका गाउँपालिकाको केन्द्र दरवाङबाट धवलागिरि गाउँपालिकाको केन्द्र मुना जोड्ने दरवाङ-मुना- ढोरपाटन सडक स्तरोन्नतिका लागि २०८२ असार ११ गते सक्षम/सिम्रन जेभी र पूर्वाधार विकास कार्यालयबीच रु ५२ करोड ८० लाख ५३ हजारमा ठेक्का सम्झौता भएको छ । सत्ताइस महिनाको ठेक्का अवधि रहेको यो योजनामार्फत दरवाङ-धारापानी (सात किलोमिटर) र झिनडाँडा-मुना (चार किलोमिटर) अक्सफाल्ट प्रविधिको कालोपत्र र ढलान हुनेछ । मङ्गला, मालिका र धवलागिरि गाउँपालिकाका साथै बागलुङको ढोरपाटन र पूर्वीरुकुमका बासिन्दालाई पोखरा-काठमाडौं जावतजावत गर्न ७० किलोमिटर छोटो पर्ने मध्यपहाडी लोकमार्गको बागलुङ खण्डको वैकल्पिक मानिएको यो सडक म्याग्दीको प्राथमिकताप्राप्त योजना भएको म्याग्दी क्षेत्र नं १ (२) बाट निर्वाचित प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले बताउनुभयो ।

भगवती-बेग सडक

रघुगङ्गा गाउँपालिका गलेश्वर-पिप्ले-भगवती हुँदै बेग जाने बाटो र भगवती-सिजलगाउँ-साझपानी-बयारीगाउँ-बेग सडक स्तरोन्नतिका लागि हिमालयन कन्ट्रक्सनसँग २०८२ असार ९ गते ठेक्का सम्झौता भएको छ । रु दुई करोड ८२ लाखमा ठेक्का सम्झौता भएको यस योजनामार्फत भगवतीस्थित यसअघि प्रदेश सरकारमार्फत स्तरोन्नति भएको सडकको अन्तिम बिन्दुबाट बेगतर्फ एक किलोमिटर चार सय मिटर ढलान र प्रिमिक्स कालोपत्र हुने म्याग्दी क्षेत्र नं १ (१) बाट निर्वाचित प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले बताउनुभयो ।

रुम-ताराखोला सडक

म्याग्दी निर्वाचन क्षेत्र १ (२) अन्तर्गत मालिका गाउँपालिका-२ को रुम-ताराखोला सडक योजना कार्यान्वयनका लागि २०८२ असार ४ गते सोमरस निर्माण सेवासँग ठेक्का सम्झौता भएको छ । रु दुई करोड ११ लाख ३० हजारमा ठेक्का सम्झौता भएको यो योजनामार्फत सात सय मिटर सडक ढलान गरिने भएको छ ।

गलेश्वर-पुलाश्रम सडक

घतान-९ गलेश्वर मन्दिरबाट पुलाश्रम मन्दिर जगन्नाथ मन्दिर भएर बेनी बजार सदरमुकाम मोटरबाटो सडक स्तरोन्नतिका लागि बिबिपीएल बिएस डिएस धवलागिरि छनोट भएको छ । रु दुई करोड २३ लाख ४६ हजारमा बेनी नगरपालिका-९ गलेश्वरबाट अर्को धार्मिकस्थल पुलाश्रम जोड्ने सडकअन्तर्गत बेनी नगरपालिका-९ का विभिन्न ठाउँमा दुई किलोमिटर ढलान र ग्राभेल गर्न लागिएको हो ।

सावाटा-थापाचौर झोलुङ्गे पुल

मालिका गाउँपालिका-५ थापाचौर र वडा नं ६ को सावटा बस्ती जोड्ने म्याग्दी नदीमाथि झोलुङ्गे पुल निर्माणका लागि ठेक्का सम्झौता भएको छ । ९६ मिटर लामो झोलुङ्गे पुल निर्माणका लागि पूर्वाधार विकास कार्यालय र ठेकेदार कम्पनी सोमरस निर्माण सेवासँग रु ३९ लाखमा २०८२ असार ३ गते ठेक्का सम्झौता भएको हो ।

प्रदेश सरकारमार्फत आव २०८०/८१ मा म्याग्दीमा सातवटा सडक र दुईवटा मोटरेबल पुल निर्माणका लागि रु ६७ करोड ७८ लाखमा ठेक्का सम्झौता गरेको थियो । त्यसअघिका वर्षका एक सडक र एक मोटरेबल पुल निर्माणाधीन छन् ।

# गुरू पुर्णिमाको अवसरमा पोखरामा गुरुहरूको सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असार

गुरू पुर्णिमाको अवसर पारेर आफुलाई शिक्षा दिक्षा दिने गुरुलाई पोखरामा सम्मान् गरिएको छ ।

विन्ध्यवासिनी माध्यमिक विद्यालय बाटुलेचौरबाट वि.सं.२०२९ सालको प्रवेशिका परीक्षामा सहभागी भई उत्तिर्ण भएका विद्यार्थीहरुले बिहीबार विशेष कार्यक्रमका विच सम्मान गरेका हुन्। गुरूहरु नरहरि भट्टराई, शालिग्राम अधिकारी,शिवप्रसाद पराजुली, ईन्द्र बहादुर थापा, हरिलाल तिमिल्सिना र भानुभक्त पौडेललाई माला र दोसल्ला ओढाएर सम्मान गरिएको शिक्षासेवी लेखनाथ लामिछानेले



जानकारी दिनुभयो । आफुले शिक्षा दिक्षा दिएर विभिन्न क्षेत्रमा दक्षता हासिल गरेका आफ्ना पुर्व विद्यार्थीको सम्मानले विगतको स्मरण गराएको सम्मानित गुरूहरुले बताएका थिए।५० वर्ष पछि पाएको सम्मानले जीवनमा थप उर्जा मिलेको भन्दै सम्मानित गुरूहरुले प्रशंसा गरे ।

जिवित गुरूहरुको सम्मान र देहावसान भएका गुरूको स्मरणमा कार्यक्रम गरिएको तत्कालीन जिल्ला विकास समिति कास्कीका सदस्य हुतराज शर्माले बताउनुभयो । सो व्याच समुहका अध्यक्ष हरिबहादुर बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा दिपक पौडेल,हुतराज शर्मा, शान्ती रमण पौडेल, होमनाथ आचार्य, निर बहादुर बानियाँ लगायतकाले गुरू पुर्णिमाको अवसरमा अग्रज गुरुको सम्मान र दिर्घ जीवनको कामना गर्न पाउँदा खुसी लागेको बताए । त्यस अवसरमा गुरूहरु प्रति समर्पित कविता वाचन समेत गरिएको थियो ।

समुहका सदस्य चिन प्रसाद गुरुङले स्वागत गर्नुभएको कार्यक्रमको सन्चालन सचिव लेखनाथ लामिछानेले गर्नुभएको थियो । राजनीति, शिक्षा र सामाजिक क्षेत्रमा क्रियाशील त्यस ब्याचका विद्यार्थीले प्रत्येक वर्ष विभिन्न कार्यक्रम गर्ने योजना समेत बनाएका छन् ।

# भुटानमाथि नेपालको जित

**रासस**
काठमाडौं, २७ असार

पूर्णिमा राईको ह्याट्रिकमा नेपालले भुटानलाई पराजित गर्दै साफ यू-२० महिला च्याम्पियनसिप फुटबलको आफ्नो उद्घाटन खेलमा सुखद् सुरुआत गरेको छ ।

बङ्गलादेशको राजधानी ढाकास्थित बसुन्धारा किङ्स एरेनामा आज भएको खेलमा नेपालले भुटानमाथि ६-१ गोलको जित निकाल्दै प्रतियोगितामा सुखद् सुरुआत गरेको हो ।

नेपालको जितमा पूर्णिमाले चार गोल गरिन् भने सेनु परियारले दुई गोल गरिन् । यो जितसँगै नेपालले तीन अङ्क बटुलेको छ । यता भुटानका लागि केल्देन वाङ्गमोले सान्त्वना गोल फर्काइन् । खेलको नवौं मिनेटमा सेनुले गोल गर्दै नेपाललाई सुरुवाती अग्रता दिलाइन हुन् ।

खेलको १८औं मिनेटमा पूर्णिमाले नेपालको अग्रता दोब्बर बनाइन् । त्यसपछि खेलको ४५औं मिनेटमा सेनुले व्यक्तिगत दोस्रो र टोलीका लागि तेस्रो गोल गरिन् । त्योसँगै नेपालले खेलको पहिलो हाफमा ३-० को अग्रता लिएको थियो । त्यसैगरी खेलको ५४औं मिनेटमा भुटानले एक गोल फर्कायो । भुटानका लागि केल्देनले गोल गरिन् । खेलको ६३औं मिनेटमा पूर्णिमाले गोल गर्दै नेपालको अग्रता ४-० मा पुऱ्याइन् । खेलको ८४औं मिनेटमा पूर्णिमाले ह्याट्रिक पूरा गरिन् । त्यसपछि खेलको ८८औं मिनेटमा पूर्णिमाले आफ्नो चौथो गोल गर्दै नेपाललाई ६-१ को अवस्थामा ल्याइन् । त्यसपछि खेलमा गोल हुन सकेन र नेपालले भुटानमाथी ६-१ को जित निकाल्यो । सोही प्रतियोगिताअन्तर्गत आजै भएको उद्घाटन खेलमा घरेलु टोली बङ्गलादेशले श्रीलङ्कालाई ९-० को फराकिलो अन्तरले हराउँदै विजयी भएको थियो ।

# पाडीबाच्छी हुर्काउन ३० लाख अनुदान

**पोखरापत्र संवाददाता**
दमौली, २७ असार

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रले पाडाबाच्छी हुर्काउन कृषकलाई अनुदान दिएको छ ।

केन्द्रले चालु आर्थिक वर्ष २०८१/८२ मा कृत्रिम गर्भाधानबाट जन्मिएका पाडीबाच्छी हुर्काउन प्रोत्साहनस्वरुप रु २९ लाख ९० हजार अनुदान दिएको हो ।

केन्द्रका प्रमुख रविन्सन अधिकारीका अनुसार १२९ जना किसानलाई २९९ वटा पाडीबाच्छी हुर्काएबापत रु १० हजारका दरले अनुदान वितरण गरिएको हो । अनुदानका लागि ३२१ वटा पाडाबाच्छी पालेका किसानले आवेदन दिएका थिए ।

कार्यालयले गत आर्थिक वर्षमा ३२७ कृषकलाई रु ६० लाख ४० हजार अनुदान उपलब्ध गराएको थियो । त्यस वर्ष ६०४ पाडाबाच्छी हुर्काएबापत अनुदान उपलब्ध गराइएकामा चालु आवमा बजेट घटेकाले कम किसान लाभान्वित भएका छन् । गण्डकी प्रदेश सरकारले उन्नत जातका भैँसी तथा गाईमा आत्मनिर्भर बन्न पाडापाडी तथा बाच्छाबाच्छी संरक्षण कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।